सिरहा जिल्ला स्थित कार्यालय प्रमुख तथा सुशासन इकाई प्रमुखहरुको संयुक्त बैठक आज मिति २०७७ अश्विन ५ गते सोमवार दिनको १:०० बजे प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको संयोजकत्वमा - भर्चुअल माध्यवाट आयोजना गरियो ।

Meeting Id : 530 477 3907
Passcode : 4KFtvM
सहभागी संख्या : २५

भर्चुअल बैठकमा उठान भएका विषयवस्तु एवं निर्णय :

१. पछिल्लो बैठकमा भएको निर्णयहरु कार्यान्वयनका साथै विकास आयोजनाका कार्यलाई निरन्तरता दिने ।

२. सिरहा जिल्लाभर तथा कारागार कार्यालय समेतमा कोभिड-१९ को विद्यमान संक्रमण, न्यूनीकरणका लागि भएका प्रयत्न, अव गर्नुपर्ने कार्य तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को निर्णय कार्यन्वयन गरी प्रतिवेदन गर्नु पर्ने वारे स्पष्ट भयो ।

यसमा ;

- सरकारी अस्पताल नरहेका सिरहा र लहान न.पा. बाहेक का हरेक स्थानीय तहले कम्तीमा पनि ५ बेडको आईसोलेसन संचालन गर्ने ।
- स्थानीय तहले आ-आफ्नो स्थानीय तहको विद्यालयमा संचालीत क्वारेन्टिनकालागि विद्यालयको विकल्प खोजी साविकमा क्वारेन्टिन चलाईएका विद्यायको सरसफाई-डिसइन्फेक्सन तथा मर्मत संभार गर्ने ।
- स्थानीय तहबाट कोभिड संक्रमित व्यक्तिको मृत्यु हुँदा व्यवस्थापन गर्ने स्थल तोकी पठाउने कार्य ।
- जारी/जारी हुने निषाधाज्ञाको पालना गरी सेवा प्रवाहमा स्वास्थ्य सुरक्षा सम्वन्धी मापदण्ड एवम् प्रोटोकलको अवलम्वन गर्ने ।
- स्थानीय तहले अति आवश्यक म्याद नगुज्रने औषधी खरीद गर्ने ।

३. चाड पर्व लक्षित कार्यालय सुरक्षामा संवेदनशील रही खटन पटन मिलाउने, सुरक्षा व्यवस्था चुस्त दुरुस्त गर्ने। चाडपर्वको समयमा कार्यालय बन्द रहने भएकोले कार्यालय बन्द रहने दिनहरुको लागि तपसिल कर्मचारीको व्यवस्थापन गरी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा नजिकको सुरक्षा निकायहरुलाई लिखित जानकारी गराउने ।

प्रमुख जिल्ला अधिकारी

सिरहा

कार्यालयको नाम र ठेगाना :..............

| क्र.स. | विवरण | दर्जा | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कार्यालय प्रमुखको नाम थर | | |
| २ | सम्पर्क कर्मचारी नाम थर | | |
| ३ | पालो पहरामारहने कर्मचारीको नाम थर | | |

४. पुंजिगत विकास कार्य - वार्षिक कार्य योजना अनुरुप गर्ने गरी आ.ब. २०७७/०७८ श्रावण र भाद्रको प्रगति पठाउने । त्यस पछि चौमासिक समीक्षा गरी प्रतिवेदन गर्ने ।

५. प्रास आ.ब. २०७६/०७७ को जिन्सी निरीक्षण अनुरुप लिलाम गर्नु पर्ने वस्तु/साधनको कानून बमोजिम लिलाम गरी प्रगति पठाउने ।

६. पुराना र गत आ.ब. ०७६/०७७ को बेरुजु एकिन गरी फछ्यौंट प्रकृया अघि बढाउने/फछ्यौंट गर्ने र प्रगति प्रतिवेदन गर्ने ।

७. महिना उत्कृष्ट कार्यालय तथा कार्यालय प्रमुख चयन गर्ने मिति २०७७ श्रावण ०५ को निर्णय अनुरुप गठित लहान न.पा. का प्र. प्र.अ. खेमनन्द भुसालको संयोजकत्वमा गठित समितिको सिफारिस अनुरुप ;

२०७७ भाद्र महिना सम्मको आर्थिक अनुशासन कायम गरी गोलबजार न.पा.- ९ कि.न ४२० क्षेत्रफल २-७-१५ को बन क्षेत्रको जग्गा व्यक्तिले दखल गरेकोमा सो जग्गालाई पुनः बन क्षेत्रमै कायम गराउन सफल हुने डिभिजन बन कार्यालय - सिरहा, लहानका प्रमुख - जिल्ला बन अधिकृत सुभाष चन्द्र दास ज्यूलाई २०७७ भाद्र महिनाको उतकृष्ट कार्य सम्पादन गरेकोमा सम्मान गरियो ।

८. कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको अगामी ०७७ असोज २४ गते हुने निर्वाचन कार्यक्रमका लागि सबै कार्यालय प्रमुखले आ-आफ्नो कार्यालयको कर्मचारी विवरण तुरुन्त जिल्ला प्रशासन कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयमा उपलब्ध गराउने व्यवस्था मिलाउने ।

९. 'वोक्सी 'जस्तो अंधविश्वास विरुद्ध स्थानीय तहले सामाजिक सचेतना फैलाई प्रहरी मार्फत कानून कार्यान्वयन गर्न गराउन निरन्तर समन्वय गर्ने ।

२०७७।६।५
(प्रदिपराज कँडेल)
प्रमुख जिल्ला अधिकारी